नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**(मानवश्रोत विकास विभाग, वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा)**
नक्साल, काठमाडौं ।

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२६ गते ।**

नेपाल प्रहरीमा **जनपद** प्रहरी समूहतर्फ रिक्त रहेका निम्न बमोजिमका पदहरूमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट Online दरखास्त आव्हान गरिन्छ। दरखास्त दिने उम्मेदवारले नेपाल प्रहरीको **Online Recruitment Management System (ORMS)** मार्फत Online दरखास्त दिनु पर्नेछ। नेपाल प्रहरीको वेबसाइट: *www.nepalpolice.gov.np* को Career भित्र Online Application वा *https://careers.nepalpolice.gov.np* बाट Online दरखास्त फाराम भर्न सकिनेछ।

## १. आवश्यक माग पद संख्या:-

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ०५ (०८२/८३) | प्रहरी निरीक्षक | १२ | - | २ | ३ | ३ | १ | - | **२१** |
| २. | ०६ (०८२/८३) | प्रहरी सहायक निरीक्षक | २३६ | ८ | ३८ | ६२ | ५५ | २९ | १० | **४३८** |

## २. दरखास्त दर्ता मिति:-

| क्र.सं. | पद | दरखास्त दर्ता मिति |
|---|---|---|
| १. | प्रहरी निरीक्षक | मिति २०८२/०९/०६ गतेदेखि २०८२/१०/०५ गतेसम्म। |
| २. | प्रहरी सहायक निरीक्षक | मिति २०८२/०९/०९ गतेदेखि २०८२/१०/०८ गतेसम्म। |

## ३. Online दरखास्त संकलन तथा दर्ता हुने स्थानहरू:-

| क्र.सं. | पद | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | प्रहरी निरीक्षक | काठमाडौं उपत्यका प्रहरी कार्यालय, **रानीपोखरी काठमाडौं**। | ०१-५७२१०१७ |
| | | कोशी प्रदेश प्रहरी कार्यालय, **विराटनगर**। | ०२१-४३७००१ |
| | | मधेश प्रदेश प्रहरी कार्यालय, **जनकपुर**। | ९८५४०२९७४१ |
| | | बागमती प्रदेश प्रहरी कार्यालय, **हेटौंडा**। | ०५७-५२१४९९ |
| | | गण्डकी प्रदेश प्रहरी कार्यालय, **पोखरा**। | ०६१-४५२५०० |
| | | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, **दाङ**। | ०८२-५२३४१० |
| | | कर्णाली प्रदेश प्रहरी कार्यालय, **सुर्खेत**। | ०८३-५२०८११ |
| | | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, **धनगढी**। | ९८५८४९००५० |
| २. | प्रहरी सहायक निरीक्षक | कोशी प्रदेश प्रहरी तालिम केन्द्र, **विराटनगर, मोरङ**। | ९८५२०९०१८० |
| | | मधेश प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर (सम्पर्क कार्यालय: **राजविराज, सप्तरी**)। | ९८५४०९०६०० |
| | | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, **दुधौली, सिन्धुली**। | ९८५४०४१७३३ |
| | | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, **पोखरा, कास्की**। | ९८५६०६८१२१ |
| | | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, **बुटवल, रूपन्देही**। | ९८५७०९०४४४ |
| | | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल **नेपालगञ्ज, बाँके**)। | ०८१-५५००५१ |
| | | सुदूरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, **दिपायल, डोटी**। | ९८५८४९००८४ |
| | | काठमाडौं उपत्यका प्रहरी शिक्षालय, **महाराजगञ्ज, काठमाडौं**। | ०१-४००३०४० |

## ४. दरखास्त दस्तुर:-

| क्र.सं. | पद | दस्तुर |
|---|---|---|

| | | |
|---|---|---|
| १. | प्रहरी निरीक्षक | Online मार्फत दरखास्त पेस गर्दा दरखास्त दस्तुर बापत रु.१२००।- (एक हजार दुई सय रूपैयाँ) बुझाउनु पर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.२४०।-) का दरले थप दस्तुर लाग्नेछ। |
| २. | प्रहरी सहायक निरीक्षक | Online मार्फत दरखास्त पेस गर्दा दरखास्त दस्तुर बापत रु.५००।- (पाँच सय रूपैयाँ) बुझाउनु पर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.१००।-) का दरले थप दस्तुर लाग्नेछ। |

**५. उमेर हदः-**

| क्र.सं. | पद | उमेर हद |
|---|---|---|
| १. | प्रहरी निरीक्षक | (क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको, तर खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान वा प्रहरी अधिकृत आधारभूत तालिम लिएको हुनु पर्नेछ।<br>(ख) प्राविधिक प्रहरी कर्मचारीहरुको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) प्रारम्भ हुनु भन्दा अगाडी कायम रहेको प्राविधिक प्रहरी नियमावली, २०५८ बमोजिम नियुक्ति भएको वा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) बमोजिम प्राविधिक प्रहरी समूहमा नियुक्ति पाएको प्रहरी कर्मचारीले जनपद प्रहरी समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको उम्मेदवारको लागि तोकेको उमेर हद भित्र सेवा प्रवेश गरेको भएमा जनपद प्रहरी समूह तर्फको प्रहरी निरीक्षक पदमा खुला प्रतिष्पर्धा गर्न सक्नेछ।<br>(ग) बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। |
| २. | प्रहरी सहायक निरीक्षक | (क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २४ वर्ष ननाघेको, तर खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान आधारभूत तालिम लिएको हुनु पर्नेछ।<br>(ख) बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। |

**६. आवश्यक न्यूनतम योग्यताः-**

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | प्रहरी निरीक्षक | (क) शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।<br>(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।<br>(ग) मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको।<br>(घ) राजनीतिक दलको सदस्य नरहेको।<br>(ङ) आतङ्ककारी संगठनको सदस्य नरहेको।<br>(च) उचाई, छाती र तौलः<br>• **पुरुष**- उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>• **महिला**- उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी.<br>(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।<br>(ज) नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने)।<br>(झ) नेपाली नागरिक। |
| २. | प्रहरी सहायक निरीक्षक | (क) शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।<br>(ख) प्रहरी निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. (ख) देखि (झ) सम्मको अन्य योग्यताहरु पुरा भएको। |

**७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरुः-**

(क) नेपाली नागरिकताको प्रमाण पत्र।

(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने ORMS को आवश्यकता अनुसारको रेजुलेशन तथा साइज अनुरूपको फोटो (पुरूषको हकमा दाही र कपाल काटेको)।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र ट्रान्सक्रिप्ट/मार्कशिट तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।

(घ) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त प्रहरी परिवार भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।

(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

(च) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्र ।

(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित निकायबाट सूचीकृत भएका जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेस गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भनि सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

**नोट:-** दरखास्त दिने उम्मेदवारले विज्ञापनमा तोकिए बमोजिमका आवश्यक कागजातहरूको सक्कलै प्रति Scan गरी ORMS प्रणालीमा तोके अनुसारको PDF Format मा अपलोड गर्नुपर्नेछ । साथै, उम्मेदवारले आफ्नो फोटो, दस्तखत, औँठा छाप (दाँया/बाँया) र नागरिकता प्रमाणपत्रको अगाडी/पछाडीको भाग JPG Format मा अपलोड गर्नु पर्नेछ ।

## ८. दरखास्त दर्ता तथा दस्तुर बुझाउने विधि:-

(क) नेपाल प्रहरीको अनलाईन दरखास्त पोर्टल *https://careers.nepalpolice.gov.np* मा गई Registration प्रकृया पुरा गरी प्राप्त Username र Password द्वारा Login गरेर आवश्यक सम्पूर्ण विवरण भरी आवश्यक कागजातहरूको सक्कलै प्रति स्पष्ट देखिने Scan Copy Upload गरी Profile १००% पूर्ण भए पश्चात मात्र आवेदन Submit गर्नु पर्नेछ ।

(ख) Online दरखास्त फाराम Submit गरे पछि प्राप्त हुने Application Id अनुरूप बुझाउनु पर्ने दरखास्त दस्तुर Online प्रणालीबाट महालेखाको Portal मा गई Connect IPS, e-Sewa, Khalti वा IME Pay मार्फत बुझाउन सकिनेछ । Offline प्रणालीबाट भुक्तानी गर्दा कारोबार संकेत (EBP Code) सहितको भौचर download गरी दरखास्त संकलन केन्द्रहरू अनुसारको राजस्व खाता भएको सम्बन्धित बैंकमा गई दाखिला गर्न सकिनेछ ।

## ९. परीक्षा विधि:-

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा ।

(ख) विस्तृत स्वास्थ्य परीक्षण ।

(ग) लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकिएको परीक्षा केन्द्रहरुमा सञ्चालन हुने**) ।

- वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरिने व्यहोरा जानकारी गराईन्छ ।
- वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

(घ) विशेष स्वास्थ्य परीक्षण ।

(ङ) सक्षमता परीक्षण र अन्तर्वार्ता ।

## १०. परीक्षा सञ्चालन हुने स्थान:-

(क) **प्रहरी निरीक्षक**

- प्रदेश प्रहरी कार्यालयहरू तथा काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी काठमाडौंमा दरखास्त दर्ता गर्ने सम्पूर्ण उम्मेदवारहरूको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज, काठमाडौंमा सञ्चालन हुनेछ ।
- विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज काठमाडौंमा र सक्षमता परीक्षण तथा अन्तर्वार्ता नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंमा सञ्चालन हुनेछ ।

(ख) **प्रहरी सहायक निरीक्षक**

- प्रदेश प्रहरी तालिम केन्द्रहरू तथा काठमाडौँ उपत्यका प्रहरी शिक्षालय महाराजगञ्जमा दरखास्त दर्ता गर्ने उम्मेदवारहरूको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा सम्बन्धित दरखास्त संकलन केन्द्रहरूमा सञ्चालन हुनेछ । विस्तृत स्वास्थ्य परीक्षण सम्बन्धित परीक्षा केन्द्रहरूले तोकेको स्थानमा सञ्चालन हुनेछ ।
- नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज काठमाडौंमा विशेष स्वास्थ्य परीक्षण र नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंमा सक्षमता परीक्षण तथा अन्तर्वार्ता सञ्चालन हुनेछ ।

**११. सम्पर्क मिति तथा स्थान:-**

- **प्रहरी निरीक्षक** पदको **प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा तालिका** सम्बन्धी सूचना मिति २०८२/१०/२१ गते नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा प्रकाशन गरिनेछ।
- **प्रहरी सहायक निरीक्षक** पदको **प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा तालिका** सम्बन्धी सूचना मिति २०८२/१०/२५ गते दरखास्त संकलन गर्ने सम्बन्धित प्रहरी कार्यालयहरूमा प्रकाशन गरिने तथा नेपाल प्रहरीको वेबसाइट: *www.nepalpolice.gov.np* मा समेत जानकारीका लागि प्रकाशन गरिनेछ।

**१२. विज्ञापन सम्बन्धी विशेष सूचना:-** सम्मानित सर्वोच्च अदालतबाट नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०६६२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कूल पदहरू मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसावबाट आ.व.२०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च:-**

१. Online दरखास्त पेस गर्दा आवश्यक प्रमाणपत्रहरूको सक्कलै Scan Copy अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ। साथै पेस भएका प्रमाणपत्रहरूको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ।

२. तोकिएको म्याद भित्र दाखिला नभएका वा शर्त पुरा नभएका वा रीत नपुगी भरिएका वा दरखास्त दस्तुर नबुझाइएका दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।

३. तोकिएको शर्त पुरा नभई दरखास्त स्वीकृत नभएमा दरखास्त दस्तुर फिर्ता हुने छैन्।

४. दरखास्त अवधि भित्र ORMS प्रणाली मार्फत आवेदन दिएका उम्मेदवारहरू मध्ये आवश्यक विवरण तथा कागजातहरू अपुग भएका उम्मेदवारहरूको अभिलेख अद्यावधिक गर्न नेपाल प्रहरीको वेबसाईटमा सूचना प्रकाशन गरिनेछ। उक्त सूचनामा तोकिएको समय भित्र अपुग कागजातहरू अद्यावधिक नगर्ने उम्मेदवारहरूको दरखास्त फाराम स्वत: रद्द हुनेछ।

५. उम्मेदवारले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ।

६. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गराइनेछ।

७. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा सञ्चालन गरिनेछ र निजहरूले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरू बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

८. अन्तर्वार्ता दिन आउँदा उम्मेदवारले दरखास्त साथ पेस गर्नुपर्ने भनि उल्लेख गरिएका आवश्यक प्रमाणपत्र तथा कागजातहरूको सक्कल सहित स्वयंमले '**सक्कल बमोजिम नक्कल ठिक छ**' भनि प्रमाणित गरेको प्रतिलिपि समेत अनिवार्य रूपमा साथमा लिई आउनु पर्नेछ।

९. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो संख्या समेत थप गर्न सक्नेछ।

१०. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरूको पाठ्यक्रम नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा समेत प्राप्त गर्न सकिनेछ।

११. Online दरखास्त दिने सम्बन्धी जानकारी मूलक Tutorial Video नेपाल प्रहरीको आधिकारिक YouTube Channel मा हेर्न सकिनेछ।

१२. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा कार्यालय समय भित्र यसै विज्ञापनको प्रकरण नं. ३ मा उल्लेख भएका सम्बन्धित दर्ता केन्द्रहरूको सम्पर्क नम्बर वा नेपाल प्रहरी प्रधान कार्यालय, भर्ना छनौट शाखाको टेलिफोन नं.०१-५७१९९२७ मा सम्पर्क गरी वा *ormscareer@nepalpolice.gov.np* मा ईमेल पठाई बुझ्न सकिनेछ।

**मिति:- २०८२/०८/२६ गते।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा,
भर्ना छनौट शाखा
नक्साल, काठमाडौं।